# नमोबुद्ध नगरपालिका

## विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि,२०७७

प्रारम्भ

**राष्ट्रिय परिवेश:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ परिमार्जन गरी पुन भाद्र १९ गते माननीय मन्त्रीस्तरीय निर्णय गरी जारी गरेको छ । यसले विद्यार्थीको वर्गिकरण गरी विभिन्न बैकल्पिक विधिहरुको प्रयोग गरेर सिकाइ सहजीकरण गर्न दिशा निर्देशगरी विभिन्न निकायको भूमिका के हुने भन्ने समेत प्रष्ट परेको छ । निर्देशिकाको दफा ३३ को उपदफा २ र ३ ले क्षेत्र विशेषमा प्रत्यक्ष सिकाइ कृयाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख गरेको छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले भर्चुअल शिक्षण सामग्री र विद्यार्थी स्वाध्यायन सामग्री विकास गरी वेव साईट, युटयूवमा राख्ने तथा रेडियो र टेलिभिजनबाट निरन्तर कार्यक्रमहरु प्रशारण गरिरहेको छ । प्रविधिमा पहुँच हुने विद्यार्थीहरुले यसबाट लाभ लिन सक्ने समेत अवस्था कायमै छ ।

**स्थानीय परिवेश :** कोभिड १९ रोगको सङ्क्रमणबाट सुरक्षित रहन नेपाल सरकारले २०७६ साल चैत्र ११ गतेबाट लकडाउन शुरु गरेयता जेष्ठ मसान्तसम्म विद्यालय सञ्चालन तथा विद्यार्थीहरुको शिक्षण सिकाइ कृयाकलाप अवरुद्ध रहेको अवस्थामा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसार सिकाइ क्रियाकलाप भएकोमा यस भेगमा देखिएको कोभिडको संकेतहरुका कारण श्रावण महिनाको अन्तिम हप्तावाट भाद्र मसान्तसम्म निरन्तर रुपमा विद्यालय सञ्चालन तथा विद्यार्थीहरुको शिक्षण सिकाइ कृयाकलाप प्रभावित भईरहेको थियो। नगरपालिकाले व्यवस्थित क्वारेण्टीन तथा आईसोलेशन वार्ड सञ्चालन गरी प्रभावित तथा सङ्क्रमित व्यक्तिहरुलाई क्वारेण्टिनमा राख्ने र पोजेटिभ केशहरु भएका व्यक्तिहरुलाई आईसोलेशनमा राखि व्यवस्थित गरिरहेको अवस्था छ । यस नगरपालिका भित्र देखिएका फाटफुट घटनाहरु बाहेक नगरपालिका महामारीको कारण त्यतिवढि प्रभावित देखिदैन ।स्थान विशेष अनुसार अवस्था फरक फरक रहेकोले यस विषम परिस्थितिमा समेत बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नु स्थानीय सरकारको समेत दायित्व हुन आउँछ ।

**हालसम्म नगरबाट भएको प्रयास :** लकडाउन शुरु भएयता २०७७ असार १ बाट बैकल्पिक विधिबाट जस्तै रेडियोबाट पाठ प्रशारण, सिकाइ केन्द्र निर्धारण गरी सिकाइ, टोल सिकाइ, प्रदेश तथा केन्द्रीय तहबाट रेडियो तथा टेलिभिजनबाट प्रशारण हुने शिक्षण सिकाइका कार्यक्रमहरु हेर्ने सुन्ने र सिक्ने साथै कक्षा १ देखि १० सम्मका विद्यार्थीको हातहातमा निशुल्क पाठ्यपुस्तक र बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई अभिभावकको सहयोगमा गर्ने क्रियाकलापहरुको पुस्तिका वितरण गरी घरघरमा सिकाइ बातावरण निर्माण जस्ता अभ्यासहरु लागु गरियो। नगरपालिका क्षेत्र भित्रका अधिकतम बालबालिकाहरुले यस्ता शैक्षिक कार्यक्रमबाट केहि मात्रामा लाभ प्राप्त गरे । नगरपालिकाले विभिन्न सहयोगी हातहरुसँग सहकार्य गरेर सञ्चालन गरेको रेडियो शिक्षण कार्यक्रम पनि विद्यार्थीहरुको लागि उपयोगी हुँदाहुँदै पनि पहुँचको कारणले सोचे अनुरुप प्रभावकारी हुन सकेन। ।नगरपालिका क्षेत्र भित्र पुन फाटफुट रुपमा देखिएका कोभिडको संकेतहरु कारणले अनलाईन सिकाइ सञ्चालनमा रहेपनि श्रावण अन्तिम हप्तावाट भाद्रमसान्तसम्म टोल र सिकाइ केन्द्रमा सिकाइसहजीकरण क्रियाकलापहरु हुन सकेनन् । यसबाट प्रविधि र अन्य वैकल्पिक विधि यस नगरपालिकाको परिवेशमा सफल बनाउन थप प्रयास हुनुपर्ने देखियो। शिक्षकहरुका लागि कक्षा १-३ को एकिकृत पाठ्यक्रम सम्वन्धी ३ तीन दिनको पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम अनलाईनबाट टिम सफ्टवेयर प्रयोग गरी सञ्चालन गरियो ।

**अवको योजना:** मन्त्रालयले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ परिमार्जन गरी पुन भाद्र १९ गते जारी गरे पश्चात नगरपालिकाले मिति २०७७ भाद्र २८ गते जारी गरेको सूचना अनुसार वडास्तरमा विद्यालय, जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक, अभिभावक र सरोकारवालाहरु समेतको सहभागितामा भएका बैठकहरुबाट प्राप्त निश्कर्षका आधारमा विद्यालयहरुबाट तयार गरी नगरपालिकामा प्राप्त सिकाईका लागि पेश गरिएका मोडालिटीहरुको बारेमा र विद्यार्थीहरुको शिक्षण सिकाइ सहजीकरणका लागि विभिन्न समयमा भएको सरोकारवालाहरु सँगको प्रत्यक्ष र भर्चुअल छलफलबाट परिस्थितिको विश्लेषण गर्ने कार्य भयो । निर्देशिकाले निर्दिष्ट गरेका सिकाइ सहजीकरणका तौरतरिका र स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्वन गरी विद्यालय सञ्चालन गर्न नगरकार्यपालिकामा अनुरोध सहितको कार्य योजना अनुसार विद्यालय सञ्चालनको स्पष्ट कार्यविधि तयार गरेर छलफलका लागि शिक्षा समितिमा पेश भई तहाँको छलफलबाट प्राप्त निष्कर्षका आधारमा अन्तिम रुप दिई नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागुहुने गरी कार्यविधिको आधारमा विद्यालय सञ्चालन गर्ने योजना अनुसार यो कार्यविधि तयार भएको छ ।

**शिक्षण र विषयवस्तुको योजना:** विद्यालयले विद्यालयमा उपलब्ध विषयगत शिक्षकहरुको छलफलबाट कक्षागत रुपमा पाठ्यक्रम र पाठ्यपुस्तकमा व्यवस्था गरिएका पाठ्यवस्तुहरुलाई आवश्यकता अनुसार पाठ्यक्रम विकास केन्द्रले जारी गरेको पाठ्यवस्तु संयोजनका आधारमा समायोजन गरी शिक्षणको योजना तयार गरेर लागु गर्न सक्नेछ । यसरी योजना गर्दा महत्वपूर्ण पाठ र विषयवस्तुहरु जुन माथिल्लो कक्षासंग लम्वीय रुपमा अन्तर संवन्धित र जीवनोपयोगी छन ती विषयवस्तुहरु नछुट्ने गरी योजना गर्नु पर्ने छ । पाठ्यक्रम विकास केन्द्रबाट तय गरिएको **पाठ्यवस्तु समायोजन ढाँचा, २०७७** अनुसार शिक्षकले चैत्र महिनाको दोस्रो हप्तासम्मको समग्र पाठयोजना र क्रियाकलाप सहितको दैनिक पाठयोजना तयार गरी निम्नानुसार पठनपाठन गर्ने व्यवस्था गर्नुपर्ने छ ।

## विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि,२०७७

**प्रस्तावना:** कोभिड १९ रोगको सङ्क्रमणबाट अवरुद्ध विद्यालयतहको पठनपाठन सूचारु गरी विद्यार्थीहरुको शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक भएकाले नमोवुद्ध नगरपालिकाले विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि,२०७७ बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** १. यस कार्यविधिको नाम "विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि, २०७७" रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई नगरप्रमुखबाट प्रमाणित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. मन्त्रालय भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

ख. प्रदेश भन्नाले वागमति प्रदेश हेटौडा सम्झनु पर्दछ ।

ग. नगरपालिका भन्नाले नमोवुद्ध नगरपालिका सम्झनु पर्दछ ।

घ. निर्देशनालय भन्नाले शिक्षा विकास निर्देशनालय वागमति प्रदेश हेटौडा सम्झनु पर्दछ ।

ङ. "प्रविधि" भन्नाले शिक्षण सिकाइको लागि प्रयोगमा आउने रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाईनका माध्यम भन्ने सम्झनु पर्दछ ।

च. "विद्यार्थी" भन्नाले नगरपालिका भित्रका विद्यालयमा औपचारिक, अनौपचारिक रूपमा अध्ययनरत वा विद्यालय जाने उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिका सम्झनु पर्दछ ।

छ. "विद्यालय" भन्नाले नगरपालिका भित्र प्रचलित कानून बमोजिम स्थापना भएको सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ज. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

झ. "स्थानीय तह" भन्नाले यस नगरपालिका सम्झनु पर्दछ ।

ञ. केन्द्र भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी सम्झनु पर्दछ ।

ट. निर्देशिका भन्नाले मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाइ तथा सहजीकरण निर्देशिका,२०७७ सम्झनु पर्दछ ।

## ३. विद्यालय सञ्चालन विधि:

क. विद्यालय सञ्चालन गर्नु पूर्व विद्यालयको हाता पूर्ण रुपमा सरसफाइ गर्नुका साथै साबुन पानीले हात धुने सहज व्यवस्था मिलाउनु पर्नेछ । स्वास्थ्य सुरक्षाका सम्वन्धमा अनिवार्य रुपमा अभिभावकलाई सचेतिकरण गराउनु पर्ने छ ।

ख. शुरुको दुईहप्तासम्म कक्षा शिक्षकको नेतृत्वमा कक्षागत रुपमा अभिभावक भेटघाटको कार्यक्रम राखि विद्यार्थीहरुको पठनपाठनको तौरतरिका र स्वास्थ्य सुरक्षा सम्वन्धमा अनिवार्य जानकारी गराई जिम्मेवार बनाउनु पर्नेछ । बढी भिडभाड हुने भएमा कक्षागत रुपमा आलोपालोको आधारमा विद्यालयमा अभिभावकलाई सचेतिकरण गर्न सकिने छ । अभिभावक भेटघाटको प्रत्यक्ष अनुगमन विव्यंस अध्यक्ष र प्रधानाध्यापकले गर्नुपर्नेछ ।

ग. सबै शिक्षकहरु अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुनुपर्नेछ ।तर नगर क्षेत्र बाहिरबाट सिकाइ केन्द्र/विद्यालय आउने शिक्षकले स्वास्थ्य मापदण्ड पुरा गरे पछिमात्र सिकाइ केन्द्र / विद्यालयमा प्रवेश गर्नु पर्नेछ ।सिकाइ केन्द्र / विद्यालयमा प्रवेश गरी सकेपछि सम्वन्धित क्षेत्रमा नै बसोबासको व्यवस्था मिलाउनु पर्नेछ ।

घ. पाठ्यक्रम विकास केन्द्रबाट तय गरिएको **पाठ्यवस्तु समायोजन ढाँचा,२०७७** अनुसार स्टाफ बैठकबाट चैत्रको दोस्रो हप्तासम्म कोर्ष पुरा गर्ने गरी कार्ययोजना तया पाठयोजना तयार गर्नु पर्नेछ। यसरी योजना गर्दा **महत्वपूर्ण विषयवस्तुहरु, जीवनोपयोगी विषयवस्तुहरु र माथिल्लो कक्षामा अध्यापन गरिने विषयवस्तुहरु नछुट्ने गरी समायोजन** गर्नुपर्ने छ ।

ङ. मन्त्रालयले जारी गरेको **विद्यालय शिक्षा सम्वन्धी आकश्मिक कार्य योजना २०७७** अनुसार तोकिएका कार्यहरु पुरा गरेर मात्र विद्यालय सञ्चालन गर्नु पर्नेछ ।

च. विद्यालय सञ्चालन गर्दा विश्व स्वास्थ्य संगठनले तोकेका तथा राज्य द्वारा निर्धारण गरिएका स्वास्थ्य तथा सुरक्षाका सम्पुर्ण उपायहरु अवलम्वन गरी सावधानिकपुर्वक सिकाइ सहजीकरण गर्नुपर्नेछ।

छ. भौतिक दुरी कायम गर्दै विद्यालय सञ्चालन गर्ने र बढी भिडभाड देखिने भएमा आलोपालो विधि अवलम्वन गर्नुपर्ने छ ।

ज. . नियमित सिकाइसहजीकरणको अतिरिक्त विद्यार्थीहरुलाई रेडियो र टेलिभिजबाट प्रशारण हुने शैक्षिक कार्यक्रमहरु सुन्न र हेर्न लगाउने तथा प्रशारणको कार्यतालिका नियमित रुपमा विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्नेछ।

झ. विद्यालयको हाताभित्र भिडभाड हुनेखालका कुनैपनि गतिविधिहरु नगर्ने, गर्न नदिने दायित्व सम्वन्धित विद्यालयको हुनेछ ।

ञ. सेवा क्षेत्र भित्र विद्यालय जाने उमेर समुहका बालबालिका नछुट्ने गरी विद्यार्थी भर्ना तथा अभिलेखिकरण गर्नुपर्नेछ ।(1)

ट. स्कूल वस सञ्चालन गर्ने विद्यालयहरुले विद्यार्थीको सामाजिक दुरी कायम गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरु पुरा गरी सञ्चालन गर्नुपर्नेछ । अनुगमनको क्रममा मापदण्ड पुरा गरेको नपाईएमा विद्यालय खारेजसम्मको कार्वाही गर्न सकिनेछ ।

ठ. शैक्षिक सत्र २०७६ मा अध्ययन गरेका विद्यार्थीहरुको सिकाइको जिम्मेवार मूलत सोही विद्यालय हुनेछ । विद्यार्थी स्थानान्तरण भई जान चाहेमा बाँकी बक्यौता रकम भुक्तान गरी लब्धांक पत्र तथा चारित्रिक प्रमाणपत्र लिएर मात्र जानु पर्नेछ ।स्थानान्तरण प्रमाण पत्र नभई कक्षा ६ देखि माथी कक्षामा भर्ना गर्न गराउन पाईने छैन ।

ड. संस्थागत विद्यालय सञ्चालनको मूख्य स्रोत भनेको विद्यार्थी शूल्क हुने भएकाले अभिभावकहरुले विद्यार्थी भर्ना गर्दा शैक्षिक सत्र २०७६ को बाँकी वक्यौता अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ढ. २०७७ बैशाख देखि जेष्ठ मसान्तसम्म र श्रावण तेस्रो हप्ता देखि भाद्र मसान्तसम्म विद्यालयका सम्पूर्ण गतिविधिहरु पूर्ण रुपमा बन्द रहेकाले सिकाइसहजीकरण नभएको समयको शुल्क लिन पाईने छैन ।

ण. शूल्क लिदा विद्यालयले दिने सेवा बाहेक अन्य शीर्षकमा लिन पाईने छैन ।तर शुल्क सम्वन्धि विबरण कक्षागत रुपमा विद्यालय ब्यवस्थापन समितिबाट निर्णय गराई नगरपालिकामा पेश गर्ने र सो शुल्क विबरण स्वीकृत भए पश्चातमात्र संकलन गर्न पाईनेछ ।

त. नगर क्षेत्र बाहिर रहेका विद्यार्थीलाई हाल विद्यालयमा नभित्र्याई सुचना प्रविधिको माध्यमबाट सञ्चालन भएको कक्षामा सामेल गराई अनलाईन सिकाइ गराउनु पर्नेछ । सोको लागि विषयगत रुपमा शिक्षकलाई संयोजक तोक्नु पर्नेछ ।

## ४. सिकाइ सहजीकरण विधि

क. कक्षा सञ्चालनकालागि विद्यालयको बाताबरण तयार गरी शैक्षणिक योजना निर्माण भए पछि आलोपालो कक्षा , टोल सिकाइ केन्द्रबाटसहजीकरण, अनलाईन सिकाइ जस्ता तरिकाहरु सरोकारवाला सहितको छलफलबाट तय गरी सो अनुसारको विधिबाट सिकाइ सुचारु गर्न सिकाइ कार्य तालिका पाठ्य घण्टा र पाठ्यभार अनुसार समय र अवधि समेत खोली निर्माण गर्नु पर्नेछ ।सो को एक प्रति सम्वन्धित वडा कार्यालय र नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनु पर्नेछ ।

ख. टोल सिकाइ तथा आलोपालो कक्षा सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डका साथै निम्नानुसारका मापदण्डहरु अपनाएर सिकाइ सहजीकरण गर्नु पर्नेछ :

१. विद्यार्थी संख्या ३० जनासम्म भएका विद्यालयहरुले एउटा सिकाइ केन्द्र वा कक्षामा १५ जना भन्दा बढी नहुने गरी एकै सिफ्टमा सिकाइ सहजीकरण गर्ने ।

२. विद्यार्थी संख्या ६० जनासम्म भएका विद्यालयहरुले विब्यस, शिक्षक बैठक तथा विद्यार्थी, अभिभावक र जनप्रतिनिधिहरु समेतको छलफलबाट राय लिई (कक्षा बालविकास -२,कक्षा ३-५) कक्षागत/बारगत

रुपमा एउटा सिकाइ केन्द्र वा कक्षामा १५ जना भन्दा बढी नहुने गरी कार्ययोजना निर्माण गरी दुई सिफ्टमा सिकाइ सहजीकरण गर्ने ।

३. विद्यार्थी संख्या ६० भन्दा बढी र ९० भन्दा कम भएका आधारभूत विद्यालयहरुले विब्यस, शिक्षक बैठक तथा विद्यार्थी, अभिभावक र जनप्रतिनिधिहरु समेतको छलफलबाट राय लिई तहगत (कक्षा बालविकास - २, ३-५, ६-८) कक्षागत/बारगत रुपमा एउटा सिकाइ केन्द्र वा कक्षामा १५ जना भन्दा बढी नहुने गरी कक्षागत/बारगत कार्ययोजना निर्माण गरी २ (दुई) सिफ्टमा सिकाइ सहजीकरण गर्ने ।

४. विद्यार्थी संख्या ६० भन्दा बढी र ९० भन्दा कम भएका माध्यामिक विद्यालयहरुले विब्यस, शिक्षक बैठक तथा विद्यार्थी, अभिभावक र जनप्रतिनिधिहरु समेतको छलफलबाट राय लिई तहगत (कक्षा बालविकास - २, ३-५, ६-८,९-१०) कक्षागत/बारगतर रुपमा एउटा सिकाइ केन्द्र वा कक्षामा १५ जना भन्दा बढी नहुने गरी दैनिक २ (दुई) सिफ्टमा कार्ययोजना निर्माण गरी दुई सिफ्टमा सिकाइ सहजीकरण गर्ने ।

५. विद्यार्थी संख्या ९० भन्दा बढी भएका माध्यामिक विद्यालयहरुले विब्यस, शिक्षक बैठक तथा विद्यार्थी, अभिभावक र जनप्रतिनिधिहरु समेतको छलफलबाट राय लिई तहगत (कक्षा बालविकास -२, ३-५, ६-८, ९-१०,११-१२) कक्षागत/बारगत रुपमा एउटा सिकाइ केन्द्र वा कक्षामा १५ जना भन्दा बढी नहुने गरी दैनिक ३ (तीन) सिफ्टमा कार्ययोजना निर्माण गरी सिकाइ सहजीकरण गर्ने ।

६. बाल विकास केन्द्रका बालबालिकाहरु र कक्षा १-३का विद्यार्थीहरुकालागि सिकाइको विशेष ब्यवस्था गर्ने ।

**५. विद्यालय सञ्चालन तथा सहजीकरणको अनुगमन :**

१. यस कार्यविधिको आधारमा नगरपालिकाबाट तयार गरिएको विद्यालय सञ्चालनं तथा विद्यार्थीसहजीकरण कार्य योजना २०७७ को आधारमा विद्यालयले आफ्नो विद्यालयको कार्ययोजना निर्माण गर्ने ।

२. विद्यालयले निर्माण गरेको कार्य योजना सम्वन्धित वडा कार्यालय र यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

३. विद्यालयले निर्माण गरेको कार्ययोजनाका आधारमा नगरपालिकाले निर्माण गरेको विद्यालय सञ्चालन तथा विद्यार्थीसहजीकरण कार्य योजना २०७७ अनुसार नियमित रुपमा वडा कार्यालय र नगरपालिकाको सम्वन्धित शाखा वा अधिकारप्राप्त पदाधिकारीबाट अनुगमन गर्ने ।

४. अनुगमनको क्रममा कार्यविधि र कार्य योजना पालना गराउन पहल गर्ने ।

५. अनुगमनको क्रममा कार्यविधि र कार्ययोजना अनुसार गरेको नपाईएमा सो अनुसार गर्न निर्देशित गर्ने ।

६. अनुगमनको क्रममा दिईएको निर्देशन पालना गरेको नपाईएमा सिकाइसहजीकरण बन्द गराई आवश्यक कारबाहीकालागि नगरपालिकामा सिफारिस गर्ने ।

६. विविधः १. कार्यविधि लागुगर्दा कुनै बाधा अड्काउ आई परेमा सो बाधा अड्काउ फुकाउने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

२. स्थानीय तह प्रदेश तथा संघबाट प्रेषित सूचना, निर्देशन र जानकारीहरु नियमित रुपमा वेवसाईटहरुबाट प्राप्त गरी सोको पालना गर्नुपर्ने छ ।